# काठमाडौँ महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### सहकारी विभाग

### सार्वजनिक सुचना

**सहकारी संस्थाहरुले अनिवार्य रुपमा पालना गर्नुपर्ने न्युनत्तम कार्यहरु :**

**१) सहकारी संस्थाको बचत र ऋण लगानी सुरक्षित गर्न न्युनत्तम देहायका कार्य गर्न गराउन सहकारी संस्थाका पदाधिकारीहरुको ध्यानाकर्षण गराइन्छ ।**

क) नक्कली ऋणी खडा गरी लगानी नगर्ने/नगराउने ।

ख) धितो वा जमानी नराखी वा न्युन धितो राखी ऋण लगानी नगर्ने/नगराउने ।

ग) पुँजी कोषको १० प्रतिशत भन्दा बढी रकम एक सदस्यलाई लगानी नगर्ने/नगराउने ।

घ) सहकारी संस्थाको उद्देश्य तथा कार्यक्षेत्र विपरित लगानी र त्यस्तो अधिकार प्रवन्धक वा अन्य पदाधिकारी वा सदस्यलाई प्रत्यायोजन नगर्ने/नगराउने ।

ङ) संस्थाको बचत रकम प्रयोग गरी व्यापारिक प्रयोजनकालागि घर/जग्गाको किनबेच वा कारोबार मा लगानी नगर्ने/नगराउने ।

च) संस्था वा संस्थाको बचत प्रयोग गरी शेयर किनबेच प्रयोजनकालागि प्रयोग नगर्ने/नगराउने ।

छ) संस्थाको उद्देश्य तथा कार्यक्षेत्र विपरितका कार्यमा खर्च नगर्ने/नगराउने ।

ज) बिदेश अध्ययन वा यस्तै प्रयोजनमा बचत रकमको प्रयोग नगर्ने/नगराउने ।

झ) गैर कानुनी आयात निर्यातमा बचत रकम प्रयोग नगर्ने/नगराउने ।

ञ) संस्थाको सदस्य बाहेकका व्यक्तिलाई ऋण लगानी नगर्ने/नगराउने ।

ट) संस्थाले प्रदान गर्ने बचत र ऋणको व्याजदर बीचको अन्तर छ प्रतिशत भन्दा बढी कायम नगर्ने/नगराउने ।

ठ) प्राथमिक पुँजी कोषको पन्ध्र गुणा भन्दा बढी हुनेगरी बचत संकलन नगर्ने/नगराउने ।

ड) एकाघरका सदस्य र एक भन्दा बढी सहकारी संस्थाको सञ्चालक समितिमा नराख्ने ।

ण) सञ्चालक समितिका ४९ प्रतिशत सदस्यहरुलाई एकै पटक ऋृण लगानी नगर्ने/नगराउने ।

त) एकै व्यक्ति वा परिवार भित्रका व्यक्ति सञ्चालक समिति र प्रबन्धकको दोहोरो जिम्मेवारीमा नरहने ।

२) सहकारी संस्थाका सदस्यहरु र नयाँ थपिने सदस्यहरुलाई विशेष अनुरोध :

क) सहकारी संस्थाका सदस्यहरुले आफु संलग्न रहेको संस्थामा १ नम्बर बमोजिमको अवस्था भए/नभएको नियमित जाँच गर्नु तपाइको जिम्बेवारी हो त्यसैले नियमित बुझ्ने बानी बसाली आफ्नो संस्था सुरक्षित गर्नु हुनका साथै उपरोक्त विपरितका कार्यहरु भए गरेका भए यथाशक्य सच्याउन सञ्चालक समितिलाई खबरदारी गरी यस विभागलाई जानकारी दिनुहुन सार्वजनिक रुपमा आह्वान गरिन्छ ।

ख) १ नम्बरमा उल्लेखित अवस्था रहे/नरहेको स्वयं यकिन भएछिमात्र सहकारी संस्थाको सदस्य बन्न/बचत जम्मा गर्न/ऋृण लिन हुन जानकारी गराइन्छ ।